विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम

**मुलुकी देवानी संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक**

तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव

**१. कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको विवरणः**

- हाल प्रचलनमा रहेको मुलुकी देवानी संहिता, २०७४ मा रहेको सम्बन्ध विच्छेद सम्बन्धी व्यवस्थालाई सरलीकृत गर्न पति वा पत्नीले संयुक्त रूपमा निवेदन दिन सक्ने तथा यसरी निवेदन दिएमा अदालतले मेलमिलाप गराउन प्रयास गर्दा समेत मेलमिलाप गराउन नसकी एक वर्षपछि अदालतले सम्बन्ध विच्छेद गराइदिनु पर्ने व्यवस्था हटाई अदालतले एक वर्ष कुर्नु नपर्ने व्यवस्था गर्न,
- कुनै व्यक्तिको नाममा दर्ता नभएको सम्पत्तिलाई कसको हुने भन्ने सम्बन्धमा हाल कुनै व्यवस्था नरहेकोले अब कुनै पनि व्यक्तिको नाममा दर्ता नभएको सम्पत्तिलाई समेत सार्वजनिक सम्पत्ति मानिने व्यवस्था गर्न,
- व्यक्तिको सम्पत्तिको फाँटवारी लुकाई अंश नपाउने अवस्था रहेको हुँदा प्रतिवादीले जानी जानी वादीलाई अंश नदिने मनसायले फाँटवारी नदिएको प्रमाणित भएमा अदालतले त्यसरी फाँटवारी दिनु पर्ने दायित्व भएको प्रतिवादीको अंशभागको दश प्रतिशत सम्पत्ति समेत वादीले पाउने गरी फैसला गरिदिनु पर्ने व्यवस्था गर्न,
- हालको व्यवस्थमा अपुताली पाउने हकवालाको प्राथमिकताक्रममा विवाह भई सगोलमा नबसेकी विवाहित छोरी छुटेको हुँदा सो व्यवस्था थप गर्न।

**२. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः**

- नेपालको संविधानको धारा २५ को उपधारा (१) मा प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक रहेकोमा व्यक्तिको अंश हक लाग्ने सम्पत्ति आर्जन गरी भोग गर्ने हकको प्रत्याभूति हुने,
- नेपालको संविधानको धारा ३८ को उपधारा (१) मा प्रत्येक महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हक हुने व्यवस्था रहेको हुँदा विवाह भई सगोलमा नबसेकी विवाहित छोरीको समेत अपुताली पाउने हक सुनिश्चित हुने।

**३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः**

- हाल प्रचलित मुलुकी देवानी संहिता, २०७४ बमोजिमका प्रक्रियालाई थप सरलीकृत गर्ने तथा व्यक्तिको मौलिक हक प्रचलनको लागि हाल कायम रहेकै व्यवस्थाबाट संशोधित व्यवस्था कार्यान्वयन गर्न सकिने हुँदा नेपाल सरकारलाई थप आर्थिक भार पर्ने अवस्था नरहेको।

**४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासल गर्न पुग्ने सहयोगः**

- सम्पत्तिको फाँटवारी लुकाएका कारण अंशको हक पुग्ने व्यक्तिले समेत अंश नपाउने व्यवस्थालाई परिमार्जन गर्दा व्यक्तिको जीवनस्तर केही हदसम्म बढ्ने तथा विवाह भई सगोलमा नबसेकी विवाहित छोरीले समेत अपुतालीको हक पाउने हुँदा दिगो विकासका १७ लक्ष्यमध्ये लक्ष्य नं १ मा उल्लिखित सबैतिरबाट सबै स्वरूपमा गरिबी अन्त्य गर्न र लक्ष्य नं ५ मा उल्लिखित लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा बालिकाहरूलाई सशक्त बनाउन प्रस्तुत विधेयकको व्यवस्थाले सहयोग पुग्ने।

**५. विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः**

- व्यक्तिको सम्पत्ति सम्बन्धी हक तथा पारिवारिक कानून अन्तर्गत विवाह र सम्बन्ध विच्छेद सम्बन्धी कानूनको परिपालन सामाजिक परिवेश अनुकूल हुने,
- मध्यस्थता सम्बन्धी ऐन बमोजिम सरकार वा सरकारी निकायको हित वा सरोकार जोडिएको विषयमा बहस गर्ने सरकारी वकिलको भूमिका निर्धारित हुने।

**६. विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोगः**

- नभएको।

**७. अन्य आवश्यक विषयः**

- विधेयकमा देहाय बमोजिमका विषय समेत समावेश रहेको:-
  - ➢ कुष्ठरोग उपचार हुन सक्ने प्रकृतिको रोग भएको हुँदा कुष्ठ रोग लागेको जानकारी अर्को पक्षलाई नदिएको कारण त्यस्तो विवाह बदर नहुने,
  - ➢ अन्य व्यक्तिको सम्पत्ति निजको मञ्जुरी बिना उपभोग गरेको तथा अन्य व्यक्तिको हक, भोग र स्वामित्वको जग्गा निजको मञ्जुरी नलिई आवाद गरेको कारणबाट मर्का परेको व्यक्तिले नालिस गर्न सक्ने हदम्याद छ महिनाको सट्टा एक वर्ष हुने,
  - ➢ सरकार वा सरकारी निकायको हित वा सरोकार जोडिएको कुनै पनि विषयमा सरकारी निकाय वा सो मातहतको परियोजनाको तर्फबाट मध्यस्थता ऐन, २०५५ वा प्रचलित कानून बमोजिम गठन भएको मध्यस्थता समक्ष दाबी, प्रतिदाबी र प्रत्युक्ति पेस गर्ने र मध्यस्थता समक्षमा उपस्थित भई बहस गर्ने अधिकार समेत महान्यायाधिवक्ताले तोकेको सरकारी वकिललाई हुने।